संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - २३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ ३१ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री सुरेन्द्र पाण्डेलाई समय दिनुहुँदा उहाँले आ.व. २०७९/८० को बजेट निर्माणको क्रममा अनधिकृत व्यक्तिलाई सम्मिलित गराई कर तथा राजश्वका दरहरु परिवर्तन गर्ने कार्य भएको भन्ने विषय हिजोको बैठकमा समेत उठेकोमा मा० अर्थमन्त्रीले उक्त विषयमा सदनलाई जवाफ नदिई गैर जिम्मेवार कार्य गरेको, बजेट जस्तो संवेदनशील विषयमा प्रश्न उठेकाले मा० अर्थ मन्त्रीले सदनमा यसको चित्तबुझ्दो जवाफ दिनुपर्ने भन्नुभएपछि ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो

त्यसपछि सम्माननीय सभामुखले उक्त विषयका सम्बन्धमा आफ्नो ध्यानाकर्षण भैसकेको भन्नुहुँदै मा० श्री विशाल भट्टराईलाई समय दिनुहुँदा उहाँले अनधिकृत व्यक्तिले बजेट निर्माणमा सहभागी भई भन्सार तथा करका दरहरु सिमित व्यक्तिहरुको हितमा हुने गरी परिवर्तन गर्नु वित्तीय अपराध भएको, बजेट सार्वजनिक भएको सम्बन्धमा प्रश्न उठेपछि संसदीय छानविन समिति गठन गरिएको उदाहरणहरु प्रशस्त भएकोले यस विषयमा पनि तत्काल संसदीय छानविन समिति गठन गरी सत्य तथ्य पत्ता लगाई दोषीमाथि कारवाही हुनुपर्ने भन्नुहुँदै आजको कार्यसूचीमा रहेको अर्थ मन्त्रीको जवाफ दिने कार्यक्रम हटाएपछि मात्र सदनको कारवाही अगाडि बढाइयोस् भन्नुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको दुवै विषयतर्फ आफ्नो गम्भिर ध्यानाकर्षण भैसकेकोले आशन ग्रहण गर्न अनुरोध गर्नुभएपछि ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात मा० श्री सञ्जय कुमार गौतमले बर्दियामा बाघको आक्रमणको विरोधमा उत्रिएका भीडलाई नियन्त्रण गर्ने क्रममा प्रहरीको गोलीबाट एकजनाको मृत्यु समेत भएको, विगत २ वर्षमा बाघको आक्रमणबाट बर्दिया जिल्लामा २३ जना, बाँकेमा ७ जना र कैलालीमा १ जनाले ज्यान गुमाउनु परेको, निकुञ्ज क्षेत्रमा वन्यजन्तु मैत्री आवश्यक पूर्वाधार निर्माण गर्नको लागि सरकार संवेदनशील नभएको, जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्नुपर्ने लगायतका विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले एम.सी.सी. सम्झौता अनुरुप अमेरिकी सेना नेपाल आएको, अमेरिकी सेना र नेपाल सरकार एवं नेपाली सेनाबीच १० बुँदामा सम्झौता हुन लागेको, उक्त सम्झौतामा प्रधान सेनापति एवं प्रधानमन्त्रीलाई समेत सहीछाप गराउन लागिएको भन्ने विषय सञ्चार माध्यमहरुमा आएकाले उक्त विषयमा नेपाल सरकारले सदनलाई जानकारी गराउनु पर्दछ भन्नुभयो ।

तदुपरान्त अर्थ समितिका मा० सभापति श्री कृष्ण प्रसाद दाहालले “अर्थ समितिको वार्षिक प्रतिवेदन, २०७९” पेश गर्नुभयो ।

तत्पश्चात विनियोजन विधेयक, २०७९ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत मा० युवा तथा खेलकूद मन्त्रीको तर्फबाट मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले युवा तथा खेलकूद मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री बिमला विश्वकर्मा
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री मन कुमारी जि.सी.
५. मा० श्री सरिता कुमारी गिरी
६. मा० श्री रेनुका गुरुङ्ग
७. मा० श्री विमला वि.क.
८. मा० श्री मिना सुब्बा
९. मा० श्री मैना कुमारी भण्डारी

तदुपरान्त मा० युवा तथा खेलकूद मन्त्रीको तर्फबाट मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या २ को शहरी विकास मन्त्रालयसँग सम्बन्धित कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महिन्द्र राय यादवले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री गंगा चौधरी (सत्गौवा)
२. मा० श्री निरु देवी पाल
३. मा० श्री झपट बहादुर रावल
४. मा० श्री विमला विश्वकर्मा
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री घनश्याम खतिवडा
७. मा० श्री खेम प्रसाद लोहनी
८. मा० श्री विमला वि.क.
९. मा० श्री पार्वता डि.सी. (चौधरी)
१०. मा० डा० डिला सँग्रौला (पंत)
११. मा० श्री रामेश्वर राय यादव
१२. मा० श्री प्रमोद साह

तदुपरान्त मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महिन्द्र राय यादवले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री गंगा चौधरी (सत्गौवा) | ७. | मा० श्री रेनुका गुरुङ्ग |
| २. | मा० डा० सूर्य प्रसाद पाठक | ८. | मा० श्री प्रेम सुवाल |
| ३. | मा० श्री नारायण प्रसाद खतिवडा | ९. | मा० श्री रेखा कुमारी |
| ४. | मा० श्री घनश्याम खतिवडा | १०. | मा० श्री नर बहादुर धामी |
| ५. | मा० श्री मान बहादुर विश्वकर्मा | ११. | मा० श्री रामेश्वर राय यादव |
| ६. | मा० डा० डिला सँग्रौला (पंत) | १२. | मा० श्री मैना कुमारी भण्डारी |

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री देवेन्द्र पौडेलले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रमसंख्या २ को उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय एवं सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित कार्यक्रम सूचीबाट हटाईएको र कार्यसूचीको क्रमसंख्या २ मा रहेको कार्यक्रममा सामान्य हेरफेर गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० खानेपानी मन्त्री श्री उमाकान्त चौधरीले खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री घनश्याम खतिवडा | ५. | मा० डा० डिला सँग्रौला (पंत) |
| २. | मा० श्री केदार सिग्देल | ६. | मा० श्री प्रेम सुवाल |
| ३. | मा० श्री नारायण प्रसाद खतिवडा | ७. | मा० श्री मिना सुब्बा |
| ४. | मा० श्री पुष्पा भुसाल (गौतम) | | |

तदुपरान्त मा० खानेपानी मन्त्री श्री उमाकान्त चौधरीले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० परराष्ट्र मन्त्री डा० नारायण खड्काले परराष्ट्र मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि उक्त जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री गिरिराजमणि पोखरेल | ९. | मा० श्री प्रेम सुवाल |
| २. | मा० डा० सूर्य प्रसाद पाठक | १०. | मा० श्री राधा कुमारी ज्ञवाली |
| ३. | मा० श्री सरिता कुमारी गिरी | ११. | मा० श्री मिना सुब्बा |
| ४. | मा० श्री पुष्पा भुसाल (गौतम) | १२. | मा० श्री चाँदतारा कुमारी |
| ५. | मा० श्री सरला कुमारी यादव | १३. | मा० श्री यशोदा गुरुङ्ग सुवेदी |
| ६. | मा० श्री पार्वता डि.सी. (चौधरी) | १४. | मा० श्री सुरेश चन्द्र दास |
| ७. | मा० श्री खेम प्रसाद लोहनी | १५. | मा० श्री दिव्यमणि राजभण्डारी |
| ८. | मा० श्री दीपक प्रकाश भट्ट | | |

तदुपरान्त मा० परराष्ट्र मन्त्री डा० नारायण खड्काले उक्त स्पष्टिकरणको सम्बन्धमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले सदनमा बजेट निर्माणका क्रममा अनधिकृत व्यक्ति प्रवेश भएको सम्बन्धमा सञ्चार माध्यममा आएका विषयहरुप्रति मा० सदस्यहरुले उठाउनु भएको प्रश्नहरुको सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त ने.क.पा. (एमाले) का मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री विशाल भट्टराईलाई समय दिनुहुँदा उहाँले देशको बजेट बनाउँदा अनधिकृत व्यक्तिलाई प्रवेश गराएको, खास खास घरानाको हितमा बजेट बनाइएको, आर्थिक सूचकाङ्कले देश अधोगतिमा गएको पुष्टि भएको, बजेट निर्माणको अन्तिम दिन रातीको सी.सी.टि.भी. को रेकर्ड हेरिनुपर्ने, संसदीय अभ्यासमा बजेट सार्वजनिक भएको सम्बन्धमा प्रश्न उठेपछि अर्थ मन्त्रीले राजीनामा दिएको र संसदीय छानविन समिति गठन गरिएको उदाहरणहरु प्रशस्त भएकोले यस विषयमा पनि तत्काल संसदीय छानविन समिति गठन नगरेसम्म सदन अगाडि बढ्न सक्दैन भन्नुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुको माग बमोजिम र नियमावली बमोजिम मन्त्रीले वक्तव्य दिनुभएकोले आ-आफ्नो आशन ग्रहण गरी स्पष्टीकरणमा भाग लिएर बैठक सञ्चालनमा सहयोग गर्न बारम्बार आग्रह गर्नुहुँदा पनि ने.क.पा. (एमाले) का मा० सदस्यहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको बाँकी कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, शहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको सम्बन्धित मा० मन्त्री एवं सम्माननीय प्रधानमन्त्रीबाट उत्तर दिने कार्यक्रम मिति २०७९ असार १ गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार १ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:५५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव